# स्थानीय राजपत्र

चामुण्डाविन्द्रासैनी नगरपालिकाद्धारा प्रकाशित

खण्ड ६ (संख्या ७) फाल्गुन २ गते २०८०


स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (३) बमोजिम चामुण्डाविन्द्रासैनी नगरपालिकाको नगर कार्यपालिकाले बनाएको देहाय बमोजिम मार्गदर्शन सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

भाग-२

## चामुण्डाबिन्द्रासैनी नगरपालीकाको स्वास्थ्य कार्यक्रम संञ्चालन मार्गदर्शन

**आ.ब. २०८०र०८१**

**कार्यपालिकाबाट स्विकृत मिति : २०८०/१०/०४**

**बिषय सुची :**


| सि.नं. | बिषय | पेज नं. |
|---|---|---|
| **१** | **स्वास्थ्य व्यवस्थापन** | ४–५ |
| १.१ | स्वास्थ्य संस्था ब्यावस्थापन स्वास्थ्य चौकी चामण्डा र जम्बुकाँधलाई २० हजारका दरले ४० हजार, स्वास्थ्य चौकी लयाटिबिन्द्रासैनीलाई ४० हजारका दरले,शहरि स्वास्थ्य क्लिनिक,आधारभुत स्वास्थ्य संस्थालाई ५/५ हजारका दरले ६० हजार | |
| १.२ | स्वास्थ्य चौकी बिन्द्रासैनी प्रयोगशाला ब्यवस्थापन | ४–४ |
| १.३ | कर्मचारीलाई क्षमता विकास तालिम,सम्मान तथा बिदाई कार्यक्रम | ५–५ |
| **२** | **उपचारात्मक सेवा** | ६–८ |
| **२.१** | **स्वास्थ्य सम्बन्धि जनचेतनामुलक कार्यक्रम तथा दिवशिय कार्यक्रम** | ६–६ |
| २.२ | जेष्ट नागरिक,गर्भवती,बालवालिका,अपांगका लागी घरदैलो स्वास्थ्य परिक्षण कार्यक्रम | ६–६ |
| २.३ | आवश्यक औषधि,उपकरण सामाग्रि तथा औषधि खरिद | ७–७ |
| २.४ | निःशुल्क स्वास्थ्य शिविर संचालन | ७–८ |
| **३** | **नर्सिङ, सामाजिक सुरक्षा र परिवार कल्याण** | ८–१० |
| ३.१ | आकस्मिक प्रसुति प्रेषण कोष तथा निःशुल्क प्रेषण कोषको ब्यावस्थान | ८–८ |
| ३.२ | महिला स्वास्थ्य स्वयम्सेविका प्रोत्साहन | ९–९ |
| ३.३ | स्वास्थ्य संस्थाको औषधि उपकरण ढुवानी | ८–९ |






**चामुण्डाबिन्द्रासैनी नगरपालीकाको स्वास्थ्य कार्यक्रम संञ्चालन मार्गदर्शन तयार गर्नमा संलग्न व्यक्तीहरु :**

| स.नं. | व्यक्तीको नाम | पद | संस्था |
|---|---|---|---|
| १. | भक्त बहादुर मल्ल | प्रमुख प्रशासकीय अधिकृत | चामुण्डाबिन्द्रासैनी नगरपालीका जम्बुकाँध,दैलेख |
| २. | श्याम बहादुर रावत | लेखा अधिकृत | चामुण्डाबिन्द्रासैनी नगरपालीका जम्बुकाँध,दैलेख |
| २. | मानकुमारी शाही | स्वास्थ्य शाखा प्रमुख | चामुण्डाबिन्द्रासैनी नगरपालीका जम्बुकाँध,दैलेख |
| ३. | ध्रुव शाही | का.अ. | चामुण्डाबिन्द्रासैनी नगरपालीका जम्बुकाँध,दैलेख |
| ४. | पुर्ण प्रसाद आचार्य | ले.पा. | चामुण्डाबिन्द्रासैनी नगरपालीका जम्बुकाँध,दैलेख |
| ५. | कमला शाही | सि.अ.न.मी. | चामुण्डाबिन्द्रासैनी नगरपालीका जम्बुकाँध,दैलेख |

### १. स्वास्थ्य व्यवस्थापन

**१.१ कियाकलापको नाम : स्वास्थ्य संस्था ब्यावस्थापन स्वास्थ्य चौकी चामुण्डा र जम्बुकाधलाई २० हजारका दरले ४० हजार, स्वास्थ्य चौकी लयाटिबिन्द्रासैनीलाई ४० हजारका दरले,शहरि स्वास्थ्य क्लिनिक,आधारभुत स्वास्थ्य संस्थालाई ५/५ हजारका दरले ६० हजार ।**

| | |
|---|---|
| कार्यक्रमको परिचयः | च.बि.न.पा.का १५ वटै स्वास्थ्य चौकी,आधारभुत स्वास्थ्य सेवा केन्द्र र शहरि स्वास्थ्य क्लिनिकहरुमा दैनिक कियाकलाप सञ्चालन तथा अभिलेख तथा प्रतिवेदन लागि अति आवश्यक पर्ने कार्यालय प्रयोजनका लागी सामाग्रीहरु जस्तै : फायल ,डट्पेन, फोटोकपि पेपर, स्टयाम्प,ग्यास चुलो सेट लगायतका अति आवश्यक सामाग्रीहरु किन्न खरिद गर्न सकिनेछ । |
| उदेश्य : | स्वास्थ्य चौकी,आधारभुत स्वास्थ्य सेवा केन्द्र र शहरि स्वास्थ्य क्लिनिकहरुबाट प्रवाह हुने नियमित सेवालाई थप गुणस्तरीय बनाई स्वास्थ्य सेवा प्रवाह गर्न र अभिलेख तथा प्रतिवेदनमा गुणस्तर सुनिश्चित गर्न । |
| अपेक्षित प्रतिफलः | च.बि.न.पा.का १५ वटै स्वास्थ्य चौकी,आधारभुत स्वास्थ्य सेवा केन्द्र र शहरि स्वास्थ्य क्लिनिकहरुमा प्रभावकारी स्वास्थ्य सेव प्रदान भई गुणस्तरीय स्वास्थ्य सेवा प्रदान हुने र अभिलेख तथा प्रतिवेदन गर्नको लागी आवश्यक सामाग्रीहरुको अभाव नहुने । |
| संञ्चालन प्रकियाः | स्वास्थ्य संस्था संञ्चालन तथा व्यवस्थापन समितिको निर्णयबाट गरी स्वास्थ्य संथाको लागी आवश्यक खर्च गर्ने । |
| बजेट बाँडफाँडः | स्वास्थ्य चौकी चामण्डा र जम्बुकाँधलाई २० हजारका दरले ४० हजार, स्वास्थ्य चौकी लयाटिबिन्द्रासैनीलाई ४० हजारका दरले,शहरि स्वास्थ्य क्लिनिक,आधारभुत स्वास्थ्य संस्थालाई ५/५ हजारका दरले ६० हजार संस्थाको खातामा जम्मा गरी दिने । |
| अभिलेख तथा प्रतिवेदनः | स्वास्थ्य संस्था संञ्चालन तथा व्यवस्थापन समीतीको बैठकको Minute निर्णय, बिल भर्पाइ सहित, प्रगती प्रतीवेदनको अभीलेख राख्ने । |

**१.२ कियाकलापको नाम : स्वास्थ्य चौकी बिन्द्रासैनी प्रयोगशाला ब्यवस्थापन**

| | |
|---|---|
| कार्यक्रमको परिचयः | चा.बि.न.पा.अन्तर्गत स्वास्थ्य चौकी लयाटिबिन्द्रासैनीमा प्रयोगशाला सम्बन्धि सेवाहरु प्रदान गर्ने । |
| उदेश्यः | चा.बि.न.पा.अन्तर्गत स्वास्थ्य चौकी लयाटिबिन्द्रासैनीमा प्रयोगशाला सम्बन्धि सेवाहरु प्रदान गर्नु । |
| अपेक्षित प्रतिफलः | स्वास्थ्य संस्थाबाट प्रेषण भएका तथा ल्याव सेवा लिन आएका सम्पुर्ण सेवाग्राहिहरुलाई ल्याव सेवा प्रदान गर्नुपर्ने । |

| | |
|---|---|
| संञ्चालन प्रकियाः | • हरेक दिनमा चा.बि.न.पा.का सबै स्वास्थ्य संथाहरुबाट प्रेषण भएका तथा ल्याव सेवालिन आएका सम्पुर्ण सेवाग्राहिहरुलाई ल्याब सेवा प्रदान गर्न पर्ने ।<br>• त्याहाँ संस्थामा नभएको सेवा भएमा प्रेषण गर्न पर्ने । |
| बजेट बाँडफाँडः | रु.५० हजार व्यवस्थापन गरिएको आवश्यक ल्याब सामाग्रीहरु खरिद ऐन,नियमानुसार गर्न पर्ने । |
| अभिलेख तथा प्रतिबेदनः | बिल, भर्पाइ, माइन्युट, सहितको प्रतिबेदन तयार गर्ने । |

१.३ **कियाकलापको नाम : कर्मचारीलाई क्षमता बिकास तालिम,सम्मान तथा बिदाई कार्यक्रम**

| | |
|---|---|
| कार्यक्रमको परिचयः | सम्पुर्ण स्वास्थ्यकमीहरुको क्षमता बिकासको लागी तालिमको व्यवस्थापन,कर्मचारी तथा महिला सामुदायिक स्वास्थ्य स्वयम्सेबिकाहरुको सम्मान तथा बिदाई गर्नका लागी यो कियाकलाप समाबेश गरीएको छ । |
| उदेश्यः | सम्पुर्ण स्वास्थ्यकमीहरुको क्षमता बिकासको लागी तालिमको व्यवस्थापन गर्ने ।<br>सम्पुर्ण स्वास्थ्यकमीहरुको महिला सामुदायिक स्वास्थ्य स्वयम्सेबिकाहरुको सम्मान तथा बिदाई सम्मान गर्न पर्ने । |
| अपेक्षीत प्रतिफलः | प्रोत्साहन भत्ताको व्यबस्था गरेपछी स्वास्थ्य सेवाको निरन्ततामा अवरोध हुनेछैन र स्वास्थ्य शाखामा आवश्यक मसलन्द सामाग्रीको अभावले दैनीक कियाकलापमा अबरोध हुनेछैन । |
| संञ्चालन प्रकियाः | • सम्पुर्ण स्वास्थ्यकमीहरुको आबश्यकता अन'सार क्षमता बिकासको लागी तालिमको व्यावस्थापन गर्नु पर्नेछ ।<br>• सम्पुर्ण स्वास्थ्यकमी तथा महिला सामुदायिक स्वास्थ्य स्वयम्सेबिकाहरुको सम्मान तथा बिदाई सम्मान गर्न पर्ने । |
| बजेट बाँडफाँडः | जम्मा रु १५०००० रकमबाट सम्पुर्ण स्वास्थ्यकमीहरुको क्षमता बिकासको लागी तालिमको व्यबस्थापन,कर्मचारी तथा महिला सामुदायिक स्वास्थ्य स्वयम्सेबिकाहरुको सम्मान तथा बिदाई गर्नका लागी यो रकमको व्यबस्था गरीयको छ । |
| अभिलेख तथा प्रतिबेदनः | बिल, भर्पाइ, कार्यक्रमको हाजीरी, प्रगती प्रतीबेदन । |

## २. उपचारात्मक सेवा

२.१ **कियाकलापको नाम : स्वास्थ्य सम्बन्धि जनचेतनामुलक कार्यक्रम तथा दिवशिय कार्यक्रम**

| | |
|---|---|
| कार्यक्रमको परिचयः | चामुण्डाबिन्द्रासैनी नगरपालिकामा स्वास्थ्य सम्बन्धि जनचेतना प्रवन्ध गर्ने तथा दिवशिय कार्यक्रम संचालन गर्न यस कार्यक्रमको व्यवस्थापन गरिएको हो । |
| उदेश्यः | चामुण्डाबिन्द्रासैनी नगरपालिकामा स्वास्थ्य सम्बन्धि जनचेतना प्रवाह गर्ने तथा दिवशिय कार्यक्रम संचालन गर्न यस कार्यक्रमको उद्देश्य रहेको छ । |
| अपेक्षीत प्रतिफलः | समयमै स्वास्थ्य सम्बन्धि जनचेतना दिई स्वास्थ्यका बिषयमा चेतना बृधि भई रोग लाग्नबाट बचाउने छ ।<br>दिवशिय कार्यक्रमहरु संचालन गर्दा त्यस कार्यक्रमको बारेको थप जानकारी हुने छ । |





| | |
|---|---|
| संञ्चालन प्रकियाः | • स्वास्थ्य जोखिम तथा महामारी सम्बन्धि टोलबस्तीमा गई जनचेतना दिने तथा रेडियो सन्देस स्वास्थ्य शिक्षा दिएर । |
| बजेट बाँडफाँडः | व्यबस्थापन खर्च ५०,००० को व्यबस्थापन गरिएको छ । |
| अभिलेख तथा प्रतिबेदनः | बिल, भर्पाइ, माइन्युट, सहितको प्रतिबेदन तयार गर्ने । |

२.२ **कियाकलापको नाम : जेष्ट नागरिक,गर्भवती,बालवालिका,अपांगका लागी घरदैलो स्वास्थ्य परिक्षण कार्यक्रम**

| | |
|---|---|
| कार्यक्रमको परिचयः | चामुण्डाबिन्द्रासैनी न.पा. बासी सबैलाई स्वास्थ्य सेवाको पहुँचमा ल्याइ, गुणस्तरीय र सर्बसुलभ स्वास्थ्य सेवा दिनका लागी **यो कार्यक्रमको व्यवस्थापन गरिएको हो ।** |
| उदेश्यः | स्वास्थ्य सेवाको पहुँचबाट टाढा रहेका जेष्ट नागरिक,गर्भवती,बालवालिका,अपांगलाई गुणस्तरीय र सर्बसुलभ स्वास्थ्य सेवा प्रवाह गर्ने । |
| अपेक्षीत प्रतिफलः | स्वास्थ्य सेवाको पहुँच भन्दा बाहीर रहेका जेष्ट नागरिक,गर्भवती,बालवालिका,अपांगलाई गुणस्तरीय र सर्बसुलभ स्वास्थ्य सेवा दिने । |
| संञ्चालन प्रकियाः | • स्वास्थ्य सेवाको पहुँच भन्दा बाहिर रहेको जेष्ट नागरिक,गर्भवती,बालवालिका,अपांगलाई हप्तामा एक दिन घरदैलोमा गई स्वास्थ्य सेवा प्रदान गर्ने । |
| बजेट बाँडफाँडः | ५०,००० रकमबाट व्यबस्थापन गर्ने । |
| अभिलेख तथा प्रतिबेदनः | स्वास्थ्य संस्थामा कार्यरत स्वास्थ्य कर्मीहरुले घरदैलो कार्यक्रम संचालन गरेको बिरामीहरुको बिवरण हरेक महिना स्वास्थ्य शाखामा पेश गर्ने । |

२.३ **कियाकलापको नाम : आवश्यक औषधि,उपकरण तथा सामाग्रि खरिद**

| | |
|---|---|
| कार्यक्रमको परिचयः | चामुण्डाबिन्द्रासैनी नगरपालीकाका सम्पुर्ण स्वास्थ्य संथाहरुमा आधारभुत, अतीआवश्यक तथा नियमीत सेवालाई प्रभावकारी बनाउनका लागी आवश्यक औषधि,उपकरण तथा सामाग्रि खरिद गर्ने । |
| उदेश्यः | आधारभुत आकस्मिक स्वास्थ्य सेवाको लागी आवश्यक निशुल्क औषधि,उपकरण तथा सामाग्रीहरुको उपलब्धता सुनिश्चित गर्ने र समयमा औषधी उपलब्ध नभएर आउने समस्याको न्युनीकरण गर्ने । |
| अपेक्षीत प्रतिफलः | आधारभुत आकस्मिक स्वास्थ्य सेवाको लागी आवश्यक निशुल्क औषधि,उपकरण तथा सामाग्रीहरुको समयमै आपुर्ति हुदा स्वास्थ्य सेवा प्रवाहमा सहज ह'ने । । |
| संञ्चालन प्रकियाः | • आधारभुत आकस्मिक स्वास्थ्य सेवाको लागी आवश्यक निशुल्क औषधि,उपकरण तथा सामाग्रीहरु सार्बजनीक खरीद ऐन तथा नियमावली अनुसार प्रक्रिया पुऱ्याई पालिकाको जनसंख्या,रोग भार तथा गत आ.मा. खपत भएको औषधिको परिमाणका आधारमा खरिद गर्ने ।<br>• बर्गिकृत आवश्यक औषधि,उपकरण तथा सामाग्रीहरु समयमै खरिद गर्नु पर्ने ।<br>• बिनियोजित बजेट मध्ये आवश्यकताको आधारमा ढुवानी,रिप्याकिंगको समेत प्रयोग गर्न सकिने छ । |
| आर्थिक बाँडफाँडः | यस शिर्षका लागी रकम रु.१५००,००० बिनियोजन गरीयको छ । |
| अभिलेख तथा प्रतिबेदनः | नियमित रुपमा eLMIS मा प्रबिस्ट गर्नु पर्ने छ । प्रतीबेदन तयार पार्ने । |
| सन्दर्भ सामाग्री | सार्वजनिक खरिद ऐन तथा नियमावली |

**२.४ क्रियाकलापको नाम : निःशुल्क स्वास्थ्य शिविर संचालन**

| | |
|---|---|
| कार्यक्रमको परिचयः | चामुण्डाबिन्द्रासैनी नगरपालीकामा स्वास्थ्य सेवा प्रवाहका लागी बिभिन्न रोग सम्बन्धि निःशुल्क स्वास्थ्य शिविर संचालन गर्नका लागी यो कार्यत्रक्रमको व्यबस्था गरीएको छ । |
| उदेश्यः | **लक्षित जनसंख्याको स्वास्थ्य परिक्षण तथा उपचारको लागी निःशुल्क स्वास्थ्य शिविर संचालन गरि परिक्षण गरि आवश्यकता अनुसार प्रारम्भिक व्यवस्थापन गर्ने ।**<br>**तथा तथा जटिल केशहरुलाई समयमै थप उपचारको लागी सुबिधा सम्पन्न अस्पतालको प्रेषण गर्ने ।** |
| अपेक्षीत प्रतिफलः | **स्वास्थ्य शिविर संचालन गरि परिक्षण गरि आवश्यकता अनुसार प्रारम्भिक व्यवस्थापन गरिएको हुने ।**<br>समस्या पहिचान भएका जटिल केशहरुलाई थप **उपचारको लागी सुबिधा सम्पन्न अस्पतालको प्रेषण गरिएको हुने ।** |
| संञ्चालन प्रक्रियाः | • सेवा संचालन स्वास्थ्य संस्था वा वाहिर शिविर मार्फत गर्ने ।<br>• निःशुल्क परिक्षण गरि नतिजा अनुसार प्रारम्भिक व्यवस्थापन गर्ने र आवश्यकता अनुसार थप उपचारको लागी सम्बन्धित अस्पतालहरुमा प्रेषण गर्ने । |
| बजेट बाँडफाँडः | बिनियोजित बजेटबाट आवश्यक औषधि,उपकरण,सामाग्री आदिमा आवश्यकताको आधारमा खर्च गर्न सकिने छ । निःशुल्क स्वास्थ्य शिविर संचालन लागी रकम रु. १००,००० बिनियोजन गरीयको छ । |
| अभिलेख तथा प्रतिबेदनः | • सेवा लिन आएका सेवाग्राहिहरुको विवरण HMIS 9.3 मार्फत नियमित रुपमा प्रतिवेदन पेश गर्नु पर्ने छ । शिविरमा समेत सम्बन्धित सेवा रजिष्टरको प्रयोग गर्नुपर्ने छ । |
| सन्दर्भ सामाग्री | • कार्य संचालन निर्देशिका,२०७७ अर्थ मन्त्रालय,सार्वजनिक खरिद ऐन,२०६३ र नियमावली,२०६४ |

## ३. नर्सिङ, सामाजिक सुरक्षा र परिवार कल्याण

**३.१ क्रियाकलापको नाम : आकस्मिक प्रसुति प्रेषण कोष तथा निःशुल्क प्रेषण कोषको ब्यावस्थापन**

| | |
|---|---|
| कार्यक्रमको परिचयः | चामुण्डाबिन्द्रासैनी नगरपालिकामा गरबासीलाई मातृ तथा नवजातशिशु स्वास्थ्य संम्बन्धी आपतकालीन समस्या पर्दा, न्युन आर्थीक अवस्था भएका व्यक्ती तथा परिवारलाई सहायता र उद्दार गर्न आकस्मिक प्रसुति प्रेषण कोष तथा निःशुल्क प्रेषण कोषको ब्यावस्थापन गरिएको छ । |
| उदेश्यः | मातृ तथा नवजातशिशु स्वास्थ्य संम्बन्धी जोखीमलाई न्युनीकरण गर्ने तथा मृत्यदर् घटाउने ।<br>प्रसुति तथा सुरक्षित गर्भपतन सम्बन्धि जटिलता भएमा समयमै गर्भवति तथा सुत्केरीहरुलाई सम्बन्धित स्थानमा प्रेषण गरि मातृ तथा नवजात शिशु मृत्यु कम गर्न प्रभावकारी प्रेषणको ब्यवस्था गर्ने । |
| अपेक्षीत प्रतिफलः | मातृ शिशु स्वास्थ्य संम्बन्धी जोखीममा रहेका व्यक्तीको समयमै पहिचान गरी स्वास्थ्य सेवा पहुँचमा ल्याई सहज स्वास्थ्य सेवाको व्यवस्था गर्ने । |
| संञ्चालन प्रक्रियाः | • चामुण्डाबिन्द्रासैनी नगरपालीकाको सम्बन्धीत वडा कार्यालयको सिफारीस हुनुपर्ने<br>• पारीवारिक विबरण खुल्ने निबेदन ।<br>• स्वास्थ्य शाखाको शीफारीस पत्र । |





| | |
|---|---|
| बजेट बाँडफाँडः | यो बजेटबाट पालिका मातहतका गर्भवती तथा सुत्केरी महिलाहरुलाई आकस्मिक प्रेषण गर्नुपर्ने अवस्थामा निःशुल्क प्रेषणको व्यवस्था गर्नु पर्नेछ । व्यक्तीको आर्थिक अवस्था र स्वास्थ्य समस्याको प्रकृती हेरेर स्वास्थ्य शाखाले जम्मा रु. ३,०,००० रकमबाट व्यबस्थापन गर्ने । |
| अभिलेख तथा प्रतिबेदनः | • उल्लेखीत निवेदन, सिफारीस पत्र भरपाई सहितको प्रतीवेदन । |


**३.२ क्रियाकलापको नाम : महिला स्वास्थ्य स्वयम सेविका प्रोत्साहन**

| | |
|---|---|
| कार्यक्रमको परिचयः | चामुण्डाबिन्द्रासैनी नगरपालिकामा ६२ जना महिला स्वास्थ्य स्वयम सेविकाहरुले स्वास्थ्य क्षेत्रमा पुऱ्याउदै आएको योग्दानको उच्च कदर गर्दै उनीहरुको सेवालाई थप प्रोत्साहन गर्न यो बजेट राखिएको हो । |
| उदेश्यः | महिला स्वास्थ्य स्वयम सेविकाहरुले प्रदान गर्ने सेवाहरुमा थप प्रोत्साहन गर्ने । |
| अपेक्षीत प्रतिफलः | महिला स्वास्थ्य स्वयम सेविकाहरुको मनोबल उच्च भई सामुदायिक स्वास्थ्य सेवामा सुधार भएको हुने छ । |
| संञ्चालन प्रक्रियाः | • महिला स्वास्थ्य स्वास्थ्य स्वयम सेविकाहरुको विवरण अनुसार रकम खातामा जम्मा गर्ने ।<br>• स्वास्थ्य शाखाको सिफारीस पत्र । |
| बजेट बाँडफाँडः | यस आ.व. मा महिला स्वास्थ्य स्वयम सेविकाहरुकोलागी जम्मा रु.१८०,०००/- एकमुष्ट बिनियोजन गरिएको छ । |
| अभिलेख तथा प्रतिबेदनः | महिला स्वास्थ्य स्वास्थ्य स्वयम सेविकाहरुको विवरण तथा स्वास्थ्य शाखाको सिफारीस पत्र |

**३.३ क्रियाकलापको नाम : स्वास्थ्य संस्थाको औषधि उपकरण ढुवानी**

| | |
|---|---|
| कार्यक्रमको परिचयः | चामुण्डाबिन्द्रासैनी नगरपालीकाका सम्पुर्ण स्वास्थ्य संस्था तथा खोप केद्रमा समयमै ढुवानी गर्नका लागी यो कीयाकलाप समावेश गरियको छ । |
| उदेश्यः | समयमै सुरक्षित तरीकाले खोप उपलब्ध गराएर पालीकामा खोपको कभरेज बढाउन र खेरजाने दर घटाउने । |
| अपेक्षीत प्रतिफलः | स्वास्थ्य सेवा कार्यलय, दैलेख बाट प्राप्त खोपलाई खोप केन्द्रमा हुने ढिला सुस्ती नहुने र खेर जाने दरमा कमी आउनेछ । |
| संञ्चालन प्रक्रियाः | • व्यक्तीले बोक्न सक्ने खोप र स्वास्थ्य सामाग्री भएमा कार्यालय सहयोगी र अन्य सहयोगीलाई यातायातको व्यबस्था गरी ढुवानी गर्न सकिने छ । |
| बजेट बाँडफाँडः | स्वास्थ्य संस्थाको दुरीलाई आधारमानी प्रचलीत दर अनुसार सबै स्वास्थ्य संस्थाको लागी रु.५०,०००/- बिनियोजन गरीयको छ । |
| अभिलेख तथा प्रतिबेदनः | आबश्यक बिल भरपाई । |

**सन्दर्भ सामाग्री : यो स्वास्थ्य कार्यक्रम संञ्चालन मार्गदर्शन तयार गर्ने क्रममा स्थानीय तहहरुको स्वास्थ्य कार्यक्रम संञ्चालन मार्गदर्शन ( २०८०/०८१ लाई आधारमानी तयार पारीएको छ ।**



**आज्ञाले**

**भक्त बहादुर मल्ल**

**प्रमुख प्रशासकीय अधिकृत**

खण्ड ६ (संख्या ७) फाल्गुन २ गते २०८०